अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीमसेनथापा गाउँपालिका
गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीमसेनथापा गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीमसेनथापा गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१, जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७६

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,

भीमसेनथापा गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोरखा ।

१. **कैफियत सहितको राय** – हामीले भीमसेनथापा गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड २२ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ करोड ६१ लाख २१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू–३ लाख १२ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३९ लाख ४६ हजार, नियमित गर्नुपर्ने रु. २ लाख र पेश्की बाँकी रु. १७ लाख ४० हजार समेत रु १ करोड ६१ लाख ६७ हजार रहेको छ ।

भीमसेनथापा गाँउपालिकाको गतवर्ष सम्म रु. ७ करोड १० लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ७२ लाख ३९ हजार रहेको छ । गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने भीमसेन थापा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भीमसेन थापा गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

भीमसेनथापा गाँउपालिका,

गोरखा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५३	९६	३२२८८	०	२५	१६१२१	५३	७१	१६१६७	३१२	२००	१३९४६	०	०	१४१४६	१७०८

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गोरखा	७१०७३	०	१	७१०७२	०	१६१६७	८७२३९

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	२.२	घटी जिम्मेवारी सारेको सम्बन्धमा प्रमाण पेश गरेको।	१३४५९३६
		१९	पेश्की फस्यौट गरेको	४०००००
		३३	बढी भुक्तानी असुल गरेको	१२८८२
		३८.२	बढी भुक्तानी असुल गरेको	२८१०
		३९	घटी अग्रीम कर दाखिला गरेको	२९२०
		४८	दिवा खाजाको बढी भुक्तानी असुल गरेको	५४००
		५२	इन्टरनेट जडान प्रमाण पेश भएको	६००००

		५३	स्यानिटरी प्याडको भरपाई पेश भएको	७३२५७९
		५७	कर कट्टी दाखिला भएको	१६६०५
		५८	सोझै खरिदको नियमित गरेको	२६९९७२५
		६३	सोझै खरिदको नियमित गरेको	८८९७०६७
		६४	सामग्री हस्तान्तरण भएको प्रमाण पेश भएको	१७७४३२३
		६६	बढी भुक्तानी भएको दाखिला गरेको	२००००
		६८	लाभग्राहीको अभिलेख पेश गरेको	१५०७५६
	चालु वर्षको जम्मा			**१६१२१००३**
	गत विगत वर्षतर्फको			
	२०७८।७९	४	लागत बाँडफाडको रकम दाखिला गरेको	१३००७२
	२०७७।७८	२१	बढी भुक्तानी रकम असुल गरेको	१५१६
	२०७६।७७			०
	गत विगतको जम्मा			**१३१५८८**
	कुल जम्मा			**१६२५२५९१**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ परिचय

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १०१.३५ वर्ग किलोमिटर तथा १६,९८६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस

कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२४ देखि २०८०।०५।२६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१,३२,९६,७१,३३६.३६ लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये रु.३३,४५,०९,५६० सुत्र बाहिरको कारोबार रहेको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१७,००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	अनुगमन भत्ता असुल	१७०००

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१			
प्राप्ती भुक्तानी हिसाव			
विवरण	यस वर्ष रु.		गतवर्ष रु.
	बजेट	खर्च जम्मा	खर्च जम्मा
प्राप्ती (क+ख)	६९,२४,६८,९५५.२७	४९,२२,९४,३६७.६८	४७,२८,५२,७८१.३०
क. प्राप्ति	६६,२३,३१,९२५.०२	४८,४६,५४,२८७.४३	४५,३२,८०,८७५.३०
११००० कर	९,१३,५१,०००.००	७,३८,९९,३५७.७४	७,३६,२७,६६२.४४
१३००० अनुदान	४५,०८,३१,०००.००	४०,५१,८६,१३९.३६	३७,६८,४३,३६८.००
--संघीय सरकार	४२,३०,७४,०००.००	३८,४९,३४,९९८.३६	३६,०१,११,३६८.००
--प्रदेश सरकार	२,७७,५७,०००.००	२,०२,५१,१४१.००	१,६७,३२,०००.००
१४००० अन्य राजस्व	२६,८०,०००.००	५४,५८,०९९.३३	२७,९८,०४४.८६
१५००० विविध प्राप्ति	२,००,०००.००	१,१०,६९१.००	११,८००.००
३२००० वित्तीय सम्पत्ति	११,७२,६९,९२५.०२	०	०
ख. अन्य प्राप्ति	३,०१,३७,०३०.२५	७६,४०,०८०.२५	१,९५,७१,९०६.००
वितरण गर्न बाकी राजस्व	०	०	८,७१,८५०.००
कोषहरु	३,०१,३७,०३०.२५	५१,०७,९८५.२५	१,७४,८४,४५८.००
धरौटी	०	२५,३२,०९५.००	१२,१५,५९८.००
भुक्तानी (ग+घ)	६९,२४,६८,९५५.२७	५०,२८,६७,४०८.६८	४८,३८,६७,२७६.००

ग. भुक्तानी (सञ्चित कोषबाट)	६६,२३,३१,९२५.०२	४९,२०,२९,१४५.३८	४७,५९,२४,१६३.००
२१००० पारिश्रमिक / सुविधा	२५,२१,३६,०००.००	२२,७९,८२,७०१.८३	१९,०२,३४,६२८.००
२२००० मालसामान तथा सेवाको उपयोग	१७,२४,१३,९२५.०२	१०,७८,८८,७११.५५	६,९९,२४,०२६.००
२५००० सहायता (Subsidy)	३,२५,४८,०००.००	३,०५,९२,९८०.००	२,९६,९७,४७८.००
२६००० अनुदान	०	०	८२,७३५.००
२७००० सामाजिक सुरक्षा	६५,५९,०००.००	४७,१८,१६१.००	१,१३,८४,६१३.००
२८००० अन्य खर्च	४५,५०,०००.००	३०,८७,५८६.००	१७,०४,८७२.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१९,४१,२५,०००.००	११,७७,५९,००५.००	१७,२८,९५,८११.००
घ. अन्य भूक्तानी	३,०१,३७,०३०.२५	१,०८,३८,२६३.३०	४८,३८,६७,२७६.००
कोषहरु	३,०१,३७,०३०.२५	१,०२,५५,१४७.३०	७५,६१,००७.००
धरौटी	०	५,८३,११६.००	३,८२,१०६.००
ङ. यो वर्षको बचत (न्युन)		(१,०५,७३,०४१.००)	(१,१०,१४,४९४.७०)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१४,५६,७१,९७५.०२	१५,८०,३२,४०५.७२
वर्षान्तको बाकी रकम (ङ + च)		१३,५०,९८,९३४.०२	१४,७०,१७,९११.०२
बैंक तथा नगद बाकी		१३,५०,९८,९३४.०२	१४,७०,१७,९११.०२

२.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,४२,५४,७८० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.३०,००,००० गरी रु.१६,७२,५४,७८० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर घटी जिम्मेवारीकोसम्बन्धमा सारेको सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१,३४५,९३६ सम्परीक्षण गरिएको ।)*

प्रमाण पेश नगरेको	०

२.३ श्रेस्ता अनुसार आकस्मिक कोषतर्फ शुरु मौज्दात रु.६ लाख र यो वर्ष थप रु.२ लाख हुनुपर्नेमा वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) को अनुसूची १५ अनुसार आकस्मिक कोषतर्फ शुरु मौज्दात रु.१२ लाख र यो वर्ष थप रु.८ लाख देखाएकोले वित्तीय प्रतिवेदनमा सोही अनुसार बढी लेखाङ्कन हुन गएको छ ।

२.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	१०,९८,९५,०६७.०७	७,१०,०१,४४०.१८	(३,८८,९३,६२६.८९)
चालु खर्च खाता	०	२,९१,९२,८९९.९८	२,९१,९२,८९९.९८
पुँजीगत खर्च खाता	०	८९,४८,६५२.००	८९,४८,६५२.००
स्थानीय विभाज्य कोष	०	३१,९९,०२९.५९	३१,९९,०२९.५९
ग १.१, आन्तरिक राजस्व खाता	०	४३,२२,८७८.३६	४३,२२,८७८.३६
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	१९,३३,७७७.५९	१९,३३,७७७.५९
जम्मा			**८७,०३,६१०.६३**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

· स्वास्थ्य शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· मर्मत अभिलेख खर्च वेगर मर्मत खर्च गर्ने परिपाटी रहेको ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

· बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता

समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षको दरबन्दीमा रहेको कर्मचारीले लेखा शाखाको जिम्मेवारी सम्हालेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **अभिलेख तथा श्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।८० को रु.६२ करोड २७ लाख बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **अवण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३० लाख विशेष कार्यक्रक शीर्षक राखि बजेट व्यवस्था गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च

गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	अध्यक्ष विशेष कार्यक्रम	२०,००,०००
२	उपाअध्यक्ष विशेष कार्यक्रम	१०,००,०००

८ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४४,९७,७३० राजस्व बाँडफाँड र अनुदानबाट रु.४८,०१,५६,५५७ र बैङ्क मौज्दात समेत रु. ६०,१९,२४,२१२ आम्दानी भएकोमा चालु तर्फ रु.३७,४२,७०,१४० र पूँजिगत तर्फ रु.११,७७,५९,००५ र वित्तीय ब्यबस्था तर्फ शुन्य समेत रु ४९,२०,२९,१४५.३८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,१५,९३,०२५ खर्च भएको छ जुन आन्तरिक आयको २५७.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.०७ प्रतिशत चालु र २३.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २७३ योजनामा वजेट विनियोजन गरेको छ।

योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २०लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
४१	६	३२	३
२३२	०	५	

			२२७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **चौमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिकमा प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिकमा पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

		चौमासिक खर्च			
बजेट उपशिर्षक	**कुल खर्च**	**प्रथम**	**दोस्रो**	**तेश्रो**	**आषाढ महिनाको खर्च**
पुँजीगत खर्चतर्फ	११७७५९	२१७४	२०००६	९५५७९	५७६८०
प्रतिशत	१००	१.८५	१६.९९	८१.१६	४८.९८

सुत्रबाट प्राप्त विवरण अनुसार पूँजीगततर्फ प्रथम चौमासिकमा १.८५ प्रतिशत, दोस्रो चौमासिकमा १६.९९ प्रतिशत र तेस्रो चौमासिकमा ८१.१६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ७६ लाख ८० हजार (४८.९८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **क्षेत्रगत खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	५,५६,१०	२,८०,४७	५०.४३
२	सामाजिक विकास	३१,१२,५२	२८,०१,१४	८९.९९
३	पूर्वाधार विकास	१२,५७,५०	७,१०,१४	५६.४७

४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,५८,५७	१,३७,३३	५३.११
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४,३८,६२	९,९१,१८	६८.८९
	जम्मा	६६,२३,३१	४९,२०,२९	७४.२८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.९९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५०.४३ प्रतिशत रहेको छ ।

१२ **खरिद गुरुयोजना र वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११ करोड ७८ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **दरबन्दी र पदपूर्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा स्वास्थ्य चौकीहरुमा रहेको दरबन्दी बाहेक प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१४ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, ३८ कार्यविधि लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि

उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १७ गरी कुल २० विवाद दर्ता भएकोमा १० वटा मात्र फस्र्यौट भई ३ वटा माथिल्लो निकायमा पठाएर ७ विवाद बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **विपद् व्यवस्थापन कोष -** गाउँपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६ कार्यविधिको बुँदा नं. १२(४) मा वर्षमा कम्तिमा एक पटक कोषको सामाजिक र सार्वजनिक परीक्षण हुने व्यवस्था रहेकोमा सो गरेको पाइएन ।

१७ **सहकारी अनुगमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्र रहेका १० सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१९ **पेश्की बाँकी**

.... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्र्यौटको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४००,००० सम्परीक्षण गरिएको ।)

पेश्की	०

२० **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२१ **गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन**

२१.१ मिति २०७९/०४/१५ को गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ४ मा चालु आ.व. मा सञ्चालित योजनाहरुको कार्यान्वयन गर्नका लागि मिति २०७९ भदौ पहिलो हप्ताभित्र उपभोक्ता समिति गठन, अभिमुखिकरण गर्ने र आश्विन भित्र योजनाहरुको सम्झौता गर्ने भनेकोमा उपभोक्ता समिति गठन तथा अभिमुखिकरण कार्य समयमा नै गरिएको भनेता पनि सम्झौता गर्ने कार्य चौथो त्रैमासिकसम्म भएको पाइयो ।कार्यपालिकाको निर्णायानुसार भनेको समयमा कार्य गरी निर्माण कार्यलाई समयमै सम्पन्न गर्न पहल गर्नुपर्ने देखिन्छ ।

२१.२ मिति २०७९/११/३० मा बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. २४ मा गाउँपालिकालाई कृषिमा पूर्ण आत्मनिर्भर बनाउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्कसँग एम.ओ.यू. भएकोमा गाउँपालिकाबाट विविध शीर्षक अन्तर्गत सहुलियतपूर्ण कर्जा न्यूनीकरण कोष स्थापना गर्ने भनेकोमा कोषको स्थापना हुन नसकेको साथै बैङ्कसँग भएको समझदारी अनुसार कृषकलाई ऋण उपलब्ध गराउन सफल भएको पाइएन । समृद्ध गाउँपालिकाको उद्देश्य पूरा गर्न कृषिमा आत्मनिर्भर हुन आवश्यक छ, जसका लागि कृषकलाई आवश्यक सेवासुविधा साथै सहुलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने हुँदा निर्णय अनुसारको कामलाई अगाडि बढाउनुपर्छ ।

२२ **पुरानो पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको फर्स्यौट गर्न बाँकी पेश्कीमा गत विगत वर्षको निम्नानुसार पुरानो पेश्की अ. ल्या. गर्दै आएको र पेश्की दिँदा निम्नानुसार फछ्र्यौटको अन्तिम म्याद रहेको तर हाल म्याद ननाघेको कलमतर्फ देखाएकोले उक्त पेश्की रकम गरी नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीको विवरण	पेश्की दिएको मिति	फछ्र्यौटको अन्तिम म्याद	रकम
१	घ्याम्पेसाल सामुदायिक विकास केन्द्र	२०७६/१०/२१	२०७६/११/०२	६,००,०००
२	घ्याम्पेसाल सामुदायिक विकास केन्द्र	२०७६/०९/२५	२०७६/११/२७	४,३४,५२४
३	मेहनेति सामुदायिक ग्रामीण विधुत सहकारी संस्था लि	२०७६/११/१३	२०७६/०९/०८	५,२२,३४०
४	नेपाल विद्युत प्रधिकरण	२०७७/०९/२१	२०७७/१०/२७	१,५१,९५६
	जम्मा			**१७,०८,८२०**
			पेश्की	१७,०८,८२०

२३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर शुल्क अन्तर्गत निम्नानुसार फर्महरुबाट मूल्य अभिवृद्धि कर रु. २,८३,२२० असुल गरेको तर राजस्व शीर्षक नं.३३३१४ मा दाखिला गरेकोले उक्त तोकिएको शीर्षकमा दाखिला गर्नुपर्दछ ।

२५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४४,९७,७३० अर्थात अनुमान भन्दा ०.०५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२६ **आन्तरिक आयको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०,५१,८६,१३९	४४,९७,७३०	१.११

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.११ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **कर असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर	१०००००	२८५०	२.८५
मालपोत	१००००००	५४१२०१	५४.१२
बहाल कर	२०००००	८५८२७५	४२९.१४
व्यवसाय कर	४०००००	१८७७०६	४६.९३

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२८ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले २०७९/८० मा आम्दानीको लागि छुट्टै सफ्टवेयर प्रयोग गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्

२८.१ सफ्टवेयर अनुसार शीर्षकगत आवधिक आय सङ्कलनको रिपोर्ट अनुसार कुल रु.५५,१६,०७३.५२ असुली भएकोमा सोबाट दहत्तर बहत्तर र बेरुजू रकम घटाई रु.४२,१२,१४४ आम्दानी भएको देखिन्छ ।

सुत्रबाट प्राप्त वित्तीय प्रतिवेदन अनुसार अनुसूची ११ मा निम्नानुसार रु.५०,६३,५९७ असुली भएको लेखाङ्कन भएकोमा फरक रु.८,५१,४५३ सम्बन्धी समायोजन हिसाब तयार गरेको पाइएन ।

शीर्षक	**जम्मा रकम**
११३१३एकीकृत सम्पती कर	२८५०
११३१४ भुमिकर/मालपोत	५४१२०१
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	६७६५६०
११३२१ वहाल कर	८५८२७५
११६३२ अखेटोपहारमा लाग्ने कर	३,८००
१४२२४ परीक्षा शुल्क	९५९००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	४०००
१४२४३ सिफारिश दस्तुर	१४७२२८३
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४०२३००
१४२४५ नाता प्रमाणित दस्तुर	१३०९००
१४२४९ अन्य दस्तुर	५०६६६७
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	३७५
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	२५०००
१४५२९ अन्य राजस्व	१५५७८०
१४६११ व्यवसाय कर	१८७७०६
जम्मा	**५०,६३,५९७**

२८.२ त्यसै गरी वडा नं. ३ को दहत्तर बहत्तरको रकम घटाई रु.३,५१,४७६ रकम उठाएको देखिएकोमा जम्मा भएको भौचरहरु अनुसार रु.३,५०,६१५ मात्र आम्दानी लेखाङ्कन भएको देखिएकोले रास्व लेखा दुरुस्त बनाउनुपर्ने देखिन्छ । पालिका आन्तरिक राजस्व खातामा जम्मा भएको रकम अनुसार भौचर उठाउने परिपाटी रहेकोमा वास्तविक उठ्नुपर्ने राजस्व यकिन गरी सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२९ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले

व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,८७,७०३ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैनन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **ट्रयाक्टर खरिद** (३२६-२०८०-३-२३)ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख(५) मा क्याटलग सपिङ्ग विधिबाट खरिद गर्दा प्रस्ताव प्राप्त भएपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा मूल्याङ्कन गरी न्युनतम मूल्याङ्कित सारभूत प्रभावग्राही प्रस्तावदाता छनौट गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष ट्रयाक्टर खरिद कार्यको लागि क्याटलग सपिङ्ग विधि प्रयोग गरेकोमा २०८०।०१।१७ मा आर्थिक प्रस्ताव माग गरेकोमा छनौट भएको प्रस्तावदाता न्यू चन्द्रिका टेडिङ्गले रु.२६,८५,५०५ मूल्य मात्र तोकेको र अर्का प्रस्तावदातले मूल्य र निःशुल्क प्राप्त हुने सुविधाहरुसमेत रु.२७,५५,००० उल्लेख भएकोमा २०८०।०१।२५ मा मूल्याङ्कन समितिले कबोल अङ्कको मात्र मूल्याङ्कन गरी खरिदसाथ प्राप्त हुने सुविधाहरुको मूल्याङ्कन नगरेकोले खरिद सम्झौता गर्दा उल्लेखित विषयहरुमा ध्यान पुऱ्याउनु पर्दछ ।

३१ **पेश्की जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले ठेक्का नं. Works-04/077/78 (चिउँरिफेद बालिमटार पम्पिङ्ग खानेपानी) अन्तर्गत रु.६,५०,००० को २०७९ चैत्र १७ सम्म मान्य अवधि रहेको पेश्की जमानत रहेकोमा २०८०/०३/२४ मा मात्र प्रथम रनिङ्ग बिलबाट पेश्की कट्टा भएकोले जमानत म्याद समाप्त हुँदा समेत थप गरेको पाइएन । कार्यालयले ठेक्का अभिलेख दुरुस्त राखि पेश्की फस्यौंट अवधिसम्म मान्य हुने जमानत राख्ने व्यवस्था गर्नुपर्दछ ।

३२ **जडानको प्रमाण -** खरिद गरि जडान हुने प्रकृतिका सामान तथा सार्वजनिक निर्माण कार्यको फिल्डमा कार्य भएको नाप जाँच गरी नापी किताबमा अभिलेख राखि सो आधारमा भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले जडान हुने सामानको खरिदको आधारमा भुक्तानी भएकोले ती सामान जडान गरेको नाप जाँच भएको प्रमाण पेश नभएको रु.

गो.भौ.(शीर्षक)	**योजनाको नाम**	**सामान**	**बिजक रकम**	**कुल योजना लागत**
२३२ (गा.पा. पूँजीगत)	सिद्धकाली परिसर बगैंचा निर्माण	तार जाली खरिद	८८,८१९	१,५०,०००
२३७ (गा.पा. पूँजीगत)	बालुवाटर खानेपानी मोटर खरिद	१३६ थान पानी मिटर	१,४९,८३८	१,५०,०००

३५४ (गा.पा. पूँजीगत)	विद्युत लाइन विस्तार	३ फेज लाइन (१६०० मिटर)	९९,४००	९९,४००
३७० (गा.पा. पूँजीगत)	काशीचौतारा देखि तान्द्राङ्गकोट सम्म विद्युत तार विस्तार	विजुली तार (१३५० मिटर)	६१,०२०	६१,०२०
		जम्मा	३९९०७७	

प्रमाण पेश नगरेको	३,९९,०७७

३३ **बढी भुक्तानी**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १२,८८२ सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

३४ **उपभोक्ता समितिको काममा मेसिन प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क(९)ग अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लागत अनुमान अनुसार मेशिन औजारको लागत भार बीस प्रतिशत भन्दा बढी भएको निर्माण कार्य लाभग्राही समुदायवाट गराउन सकिने छैन भन्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत भएका कतिपय कामहरुमा मेशिनरी प्रयोगको भार नियममा उल्लेख भएको भन्दा निकै बढी भएको अवस्थामा पनि उक्तकार्य उपभोक्ता मार्फत गराएको पाइएकोले नियमको पालना भएको पाइएन । नियममा भएको व्यवस्थाको पालना गर्नतर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । उदाहरणः

कामको विवरण	लागत अनुमान र संझौता रकम	कार्य सम्पन्न रकम	भुक्तानी रकम	मेशिन प्रयोग रकम
वडा नं ४ बाटो सफाई	७९०२२०	८०४३१५	६६७१३३	५०३८८८
वडा नं ७ बाटो सफाई	६३१४००	५८७४२७	४९६३२७	४०१३५६
वडा नं ८ बाटो सफाई	८४५०९९	८२४०१६	५६४२०९	५२४५८२
क्यामुन्टार मोटर बाटो मर्मत	-	-	२,३५,९५९	२,४२,३३४

३५ **अन्य कार्यालयको खर्च** (३०७-२०८०-३-२२): गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसारका योजनाहरुमा मात्र कार्यालयले बजेट खर्च गर्नु पर्दछ । यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला प्रशासन कार्यालयलाई २ थान प्रिन्टर खरिद गरी रु.८३,००० भुक्तानी गरी अन्य कार्यालयको खर्च व्यहोर्ने परिपाटी अन्तय गर्नुपर्दछ ।

३६ **सफ्टवेयर खरिद-** शहिद स्मारक पार्कको डि. पि. आर कार्यको लागि मनासलु ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. लि. छनौट भएकोमा यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले न्यायिक समिति मुद्दा व्वयस्थापन सम्बन्धी सफ्टवेयर अब्रिक टेक्नोलोजी प्रा. लि. सँग खरिद गरी रु.२,००,००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन तथा सफ्टवेयर खरिद सम्झौतामा सो प्रा. लि. को तर्फबाट आधिकारीक व्यक्तिको हस्ताक्षर समेत नभएकोले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५२ को व्यवस्था अनुरुप खरिद सम्झौता नभएको अवस्थामा भुक्तानी दिएकोले अनियमित रु.

अनियमित भएको	२,००,०००

३७ **सफ्टवेयरबाट सिर्जित विवरण -** शहिद स्मारक पार्कको डि. पि. आर कार्यको लागि मनासलु ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. लि. छनौट भएकोमा यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । पालिकाले योजनाको नापी बनाउन सफ्टवेयर प्रयोग गरेकोमा कदम फेद दलित वस्ती खा पा ट्यांकी निर्माणको गो.भौ. नं. २९६ बाट रु.९२,८७८ भुक्तानी भएकोमा सफ्टवेयरबाट कम परिमाणको तथ्याङ्क आएकोले गो.भौ. नं. ३६० बाट छुट रु.४९,६६९ भुक्तानी भएको देखिन्छ । सफ्टवेयर निर्माताले पठाएको पत्रानुसार सफ्टवेयरमा गलत फर्मुला प्रयोग भएको व्यहोरा उल्लेख गरी भुक्तानी दिइएकोमा सो पत्र लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थः यस सूचना प्रविधि प्रणालीबाट सिर्जित विवरणमा पूर्ण रुपमा आश्वस्त हुने अवस्था रहेको देखिँदैन ।

३८ **शहिद स्मारक पार्कको डि. पि. आर -** शहिद स्मारक पार्कको डि. पि. आर कार्यको लागि मनासलु ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. लि. छनौट भएकोमा यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्

३८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा परामर्श सेवा खरिद गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने व्यहोराहरु खुलाएको छ । कार्यालयले कुल लागत अनुमान रु.३ लाख भएको प्रस्ताव

माग गर्दा वित्तीय प्रस्ताव र परामर्शदाता/फर्मको विवरण माग गरेकोमा परामर्शदाता छनौट गर्दा सो विवरणहरु वेगर आर्थिक मूल्याङ्कन गरी न्यूनतम रु.२,९७,१९० कबोल गर्ने परामर्दाता छनौट गरेको पाइएकोले खरिद कार्यमा ऐन बमोजिम प्रतिस्पर्धा सुनिस्चित नभएकोले सुधार गर्नुपर्दछ ।

३८.२ (३४६-२०८०-३-४):

.... (प्रारम्भिक प्रतिवेदन उपर घटी जिम्मेवारी सारेको सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२,८१० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **घटी अग्रिम कर कट्टी**

.... (प्रारम्भिक प्रतिवेदन उपर कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,९२० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
प्रशासकीय भवनमा लिफ्ट, आउने जाने बाटो, वाटर फाउन्टेन, वाटिका, भिमसेन स्तम्भ तथा सहिद स्तम्भ	Geo Service Nepal Paramarsa Center, Lalitpur.	५,००,०००/-	४,४७,१४८/-	८४,९२,७४३/०६
शहिद स्मृति पार्क	Manasalu Engineering Consultancy, Gorkha	३,००,०००/-	३,००,०००/-	७,७७,८३,३३३/८०

गाउँपालिका भवन ईन्टेरियर	Dwarika Engineering and Construction Suppliers Pvt. Ltd Kathmandu	५,००,०००/-	४,९४,७१४/-	१,३८,०२,४०९/५७
भिमसेनथापा संग्रहालय	Himalyan Engineering Solution Pvt. Ltd. Dhungedhara, Kathmandu.	३,००,०००/-	२,९२,५००/-	६,८५,८३,२५९/८९
गाउँ यातायात गुरुयोजना	Engineerko Ghar Pvt. Ltd., Kathmandu	१०,००,०००/-	९,७७,४५०/-	पालिका भित्रका सडकहरुको स्थितिको विवरण, सडकहरुको वर्गीकरण तथा मापदण्ड निर्धारण सहितको प्रतिवेदन प्राप्त
ठुलो पोखरी, सतीडाँडा पिक्निक स्पोट	Sahara Engineering Consultancy, Chitwan	२,००,०००/-	१,९८,३१५/-	८,७७,६९,२०४/६१
प्रारम्भिक वातावरणीय परिक्षण (तालखोला, जराङ्गखोला, दरौंदी नदी र मसेलखोला)	Aman Engineering Consultant Pvt. Ltd., Lalitpur	३,००,०००/-	२,९३,८६७।८०	१३,८०० घ.मि. नदिजन्य पदार्थ उत्खनन् गर्न मिल्ने प्रतिवेदन पेश भएको
प्रारम्भिक वातावरणीय परिक्षण (मौदीखोला, स्तुलखोला र बुलुङ्गखोला)	Global Engineering Associates, Lalitpur	३,००,०००/-	२,९३,६६७।७९	८,१७० घ.मि. नदिजन्य पदार्थ उत्खनन् गर्न मिल्ने प्रतिवेदन पेश भएको

प्रारम्भिक वातावरणीय परिक्षण (तान्द्राङ्गखोला)	Essential Engineering Management Services Pvt. Ltd.Kathmandu	२,००,०००/-	१,९४,३६०।००	११,६७६/०७ घ.मि. नदिजन्य पदार्थ उत्खनन् गर्न मिल्ने प्रतिवेदन पेश भएको
प्रारम्भिक वातावरणीय परिक्षण (ज्यादुलखोला)	Standard Code Engineering Consultant Pvt. Ltd., Kathmandu	२,००,०००/-	१,९५,७६१।२०	९,८७६/६० घ.मि. नदिजन्य पदार्थ उत्खनन् गर्न मिल्ने प्रतिवेदन पेश भएको
पातालखोला मसेल सपुङ्गे बर्खे सिचाई नहर	अक्षता ईन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौं	१०,००,०००/-	९,९७,२२५/-	६,७५,२१,०००/-
			४६८५००९	

अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँ सम्मको परामर्श सेवाको लागि प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले लैङ्गिक समानता सामाजिक समावेशीकरण रणनीति तयार गर्न परार्मश सेवा खरिद गर्न २०७९/१०/२७ मा तीन वटा फर्महरुसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा तीन वटै फर्महरुले पेश गरेको प्राविधिक प्रस्तावमा एउटै व्यहोरा उल्लेख भएको र सामान्य फर्मेटिङ्गमात्र फरक रहेको पाइयो । त्यसै गरी २०७९/११/०५ मा मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन नगरी आर्थिक प्रस्तावको आधारमा मात्र परामर्शदाता सपोर्ट फर डेभेलपमेन्ट इनिसियटिभ कन्सल्टेन्सि प्रा. लि. (३०४७२१६४१) लाई छनौट गरेकोले परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा र खरिद कानुन बमोजिम मूल्याङ्कन भएको देखिएन । ऐन बमोजिम प्रतिस्पर्धा सुनिस्चित गरी मूल्याङ्कन हुने व्यवस्था हुनुपर्दछ ।

४०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँ सम्मको परामर्श सेवाको लागि प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले राजस्व सुधार कार्ययोजना तयार गर्न परार्मश सेवा खरिद गर्न २०७९/०९/२९ मा तीन वटा फर्महरुसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेको र मिति २०७९/१०/०५ मा मूल्याङ्कन भएकोमा मूल्याङ्कन समितिले प्राविधिक

प्रस्तावको मूल्याङ्कन नगरी आर्थिक प्रस्तावको आधारमा मात्र परामर्शदाता इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. लाई छनौट गरेकोले परामर्श सेवा खरिद गर्दा कानुन बमोजिम मूल्याङ्कन भएको देखिएन । ऐन बमोजिम प्रतिस्पर्धा सुनिस्चित गरी मूल्याङ्कन हुने व्यवस्था हुनुपर्दछ ।

४०.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँ सम्मको परामर्श सेवाको लागि प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले भिमसेनथापा संग्राहलयको डि.पि.आर निर्माणको लागि निमित्त प्रस्ताव माग गर्दा Request for Proposal (Rfp) को बुदाँ नं.११ मा सब-ईन्जिनियर/सर्भेयर तीन (३) जना हुनुपर्ने शर्त राखेकोमा सम्झौता गरेको परामर्शदाता हिमालयन ईन्जिनियरिङ्ग सलुसन प्रा. लि. ले दुई (२) जनाको मात्र Bio-data पेश गरेतापनि प्रस्ताव स्वीकृत गरी रु.२,९२,५०६ भुक्तानी भएको पाइयो । प्रस्ताव माग गर्दाको शर्त बमोजिम भएको विषयको सम्बोधन हुनुपर्दछ ।

४१ **भर्पाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले निम्नानुसार सामाग्री खरिद गरेकोमा भरपाई समावेश नगरेकोले खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं.- मिति	**काम**	**परिमाण**	**खर्च रकम**
२२-२०७९।०९।२२	HDPE पाइप खरिद	५५८० मि.	२४९७२१
४४-२०७९।१०।१९	HDPE पाइप खरिद	१४४० मि.	९९८४०
८१-२०७९।१२।०७	पोलिथिन पाइप खरिद	-	९९९६८८
९२-२०७९।१२।१३	जि आई तारजाली खरिद	२७१७ वटा	९९१६७७
२२-२०८०।०२।१८ (कृषि पशुतर्फ)	HDPE पाइप खरिद	११९६० मि.	४९९५६९
	जम्मा		२८४०४९५।००

प्रमाण पेश नगरेको	२८,४०,४९५

४२ **शिक्षक तलब भत्ता :-** स्थानीय तह अन्तर्गत कार्यरत आधारभूत तथा माध्यामिक तह स्वीकृत दरबन्दीका शिक्षक, स्वीकृत राहत अनुदान कोटाका शिक्षक, स्थानीय तहका लागी स्वीकृत कोटाका आधारमा बालबिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब भत्ता निकासा गर्दा शिक्षकले

विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिरीका आधारमा माग फारम भरि विद्यालयले स्थानीय तहसमक्ष तलब भत्ता निकासा माग गर्नुपर्दछ र सोही माग निकासालाई रुजू गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई तलब भत्ता निकासा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्ष २०७९।८० मा पालिका भित्रका ३७ वटा विद्यालयलाई रु १६६५०६६०७ निकासा गर्दा प्रमाणित हाजिर बेगर नै निकासा गरेको पाइयो । प्रमाणित हाजिर बेगर माग फारमका आधारमा मात्र तलब भत्ता निकासा गर्दा विद्यालयमा अनुपस्थित हुने, अवकाश भएका, रमाना हुने र नँया नियुक्ति लिइ अध्यापन गराएका शिक्षकहरुको तलब अध्यापन गराएको मितिसम्म मात्र भएको हो भनि यकिन हुन सकिएन । विद्यालयमा कार्यरत अवधि भन्दा धेरै समयको तलब भत्ता भुक्तानी भए नभएको सम्बन्धमा स्थानीय तहले यकिन गरि बढी निकासा भएको पाइएमा असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४३ **अस्थायी कर्मचारीको संचयकोष र बिमा बापत भुक्तानी :-** स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी तथा करार कर्मचारीले संचयकोष थप तथा विमा बापतको रकम पाउने व्यवस्था छैन । कार्यालयले प्रथम तथा दोस्रो त्रैमासिकको तलब भत्ता निकासा गर्दा श्री संस्कृत माध्यामिक विद्यालयका अस्थायी शिक्षिका श्री सम्झना भट्टराईलाई कर्मचारी संचयकोष बापत रु २६५९३ र बिमा बापत रु २४०० गरी जम्मा रु २८९९३ भुक्तानी गरेको छ । तोकेभन्दा फरक गरी भएको भुक्तानी असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२८,९९३

४४ **पाठ्यपुस्तकवापत बढी निकासा :-** विद्यालयले अद्यावधिक गरेको IEMIS को विवरण अनुसार विद्यार्थी संख्या यकिन गरी स्वीकृत दररेटका आधारमा हिसाब गरी विद्यालयलाई अनुदान उपलब्ध गराउदा देहायका विद्यालयलाई IEMIS विवरण भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु

सि.नं.	विद्यालयको नाम	IEMIS को आधारमा हुनुपर्ने निकासा	जम्मा निकासा	बढी निकासा
१	सिद्धकालीमा.वि, तान्द्राङ २	११२५७१	१३४७५४	२२१८३
२	जागेश्वरमा.वि, बोर्लाङ ८	१४७४१३	१५६८५१	९४३८
३	नवज्योतिमा.वि, तान्द्राङ ३	७३४३३	८२४८४	९०५१
४	दुल्लभमा.वि, मसेल १	२२११५०	२३१७०६	१०५५६
५	नवजागृतिचण्डी मा.वि,	२५५६९५	२९४१७७	३८४८२
६	विन्द्रावतीमा.वि, मसेल १	१९३७५७	२१४३३२	२०५७५
७	शान्तिमा.वि, बगुवा ५	१२५००९	१६२५७९	३७५७०
८	सरस्वतीमा.वि, बोर्लाङ ७	२१३६२०	२३०४७६	१६८५६

९	संस्कृतमा.वि, तान्द्राङ ३	१११५७७	१२४७५५	१३१७८
१०	भगवतीमा.वि, धावा ४	८११२९	८५२३७	४१०८
११	कनकामनाआ.वि, मसेल १	५८५११	६५६१८	७१०७
१२	ध्रुवज्योतीआ.वि, अश्राङ ६	४२७३१	४५६३२	२९०१
१३	जनप्रियप्रावि तान्द्राङ	१५१२५	१८०८६	२९६१
१४	भिमसेनप्रा.वि, बोर्लाङ	१२७७०	१७२२४	४४५४
	जम्मा			१९९४२०

असुल गर्नुपर्ने	१,९९,४२०

४५ **शिक्षक दरवन्दी र पदपुर्ति :-** गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

क.सं	**विद्यालयकोनाम**	**शिक्षक दरबन्दी**	**विद्यार्थी संख्या (कक्षा १-१२)**
१	सिद्धकालीमा.वि, तान्द्राङ २	१७	२२९
२	जागेश्वरमा.वि, बोर्लाङ ८	१६	२४५
३	नवज्योतिमा.वि, तान्द्राङ ३	११	११४
४	दुल्लभमा.वि, मसेल १	२२	३३६
५	प्रभातमा.वि, धावा ४	१५	२११
६	नवजागृतिचण्डी मा.वि,	१९	४०२
७	विन्द्रावतीमा.वि, मसेल १	१९	२९९
८	पाटनदेविमा.वि, बोर्लाङ ७	१२	१४५
९	शान्तिमा.वि, बगुवा ५	१७	२१०
१०	सरस्वतीमा.वि, बोर्लाङ ७	१९	३३४
११	संस्कृतमा.वि, तान्द्राङ ३	१८	१९१
१२	भगवतीमा.वि, धावा ४	१२	१२७
१३	रामतीआ.वि, धावा ४	४	१००
१४	बालज्योतीआ.वि, धावा ४	५	९८

१५	जनशक्तिआ.वि, अश्राङ ६	३	७१
१६	गण्डकीआ.वि, धावा ४	६	८०
१७	कनकामनाआ.वि, मसेल १	७	११२
१८	ध्रुवज्योतीआ.वि, अश्राङ ६	५	६९
१९	शिबज्योतीप्रा.वि, बगुवा	३	२२
२१	चामुण्डाप्रा.वि, बगुवा ५	३	२०
२१	चण्डेश्वरीप्रा.वि, मसेल	५	६२
२२	जनप्रियप्रावि तान्द्राङ	४	२७
२३	घाटबेशीप्रा.वि, बोर्लाङ	१	२१
२४	जलेश्वरीप्रा.वि, अश्राङ	२	२०
२५	बालिम्टारप्रा.वि, धावा	०	०
२६	सरस्वतीप्रा.वि, तान्द्राङ	४	३०
२७	लक्ष्मीज्योतीप्रा.वि,बोर्लाङ	०	६
२८	भिमसेनप्रा.वि, बोर्लाङ	३	३०
२९	रविन्द्रज्योतीप्रा.वि, बोर्लाङ	३	१५
३०	दुधकन्याप्रा.वि, बगुवा	०	०
३१	सुन्दरप्रा.वि, बोर्लाङ	०	०
३२	मैथुमप्रा.वि, तान्द्राङ	०	६
३३	चण्डिस्थानबा.वि.के, बोर्लाङ	०	०
३४	निमेलप्रा.वि, निमेल	०	५
३५	धनुवासेवाविके	०	०
३६	सरस्वतीसदन प्रा.वि, तान्द्राङ	०	३
३७	मदरसाअनवरुल उलुम	०	९
	जम्मा	२५५	३६४९

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १४ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

४६ **निशुल्क पाठ्यपुस्तक अनुदान :-**कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु २४२५८९४।- विभिन्न विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निकासाबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको/ नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाले ब्यवस्था गरेबमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरिनुपर्दछ ।

४७ **दिवा खाजा :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु. १५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको छ । त्यस्तै, प्रत्येक चौमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ. व २०७९।८० मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न ३७ वटा विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु. ५९१०३०० निकासा गरेको छ । विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीश्रण गरि कार्यक्रम कार्यान्वयनको प्रगती तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४८ **दिवा खाजा बढी निकासा :**

.... (प्रारम्भिक प्रतिवेदन उपर घटी जिम्मेवारीकोसम्बन्धमा सारेको सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु ५,४०० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **छात्रवृत्ति (गैरआवासीय) :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न विद्यालयहरुलाई रु ७६३३००।— छात्रवृत्ति अनुदान निकासा दिएको छ । उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन गरिनुपर्दछ ।

५० **बुक कर्नर :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु ५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु १५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु २०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्तत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल बिकास मा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु ९००८०० अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गरिनुपर्दछ ।

५१ **विद्यालयमा संचालन तथा व्यवस्थापन अनुदान :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवं अतिरिक्त क्रियाकलाप संचालन र विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालन गर्न सबै सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान उपलब्ध गराउने उल्लेख छ । साथै उक्त अनुदान विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेका विद्यालय र विद्यालयले सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने उल्लेख छ । पालिकाभित्रका देहायका विद्यालयले स्थानीय तहको अन्तिम लेखापरीक्षण अवधिसम्म पनि विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण तयार गरी प्रतिवेदन गरेको पाइएन । कार्यालयले उल्लेखित शिर्षकमा अनुदान उपलब्ध गराउँदा संलग्न गर्नुपर्ने विद्यालय सुधार योजना, विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण बेगर गो.भौ.नं. १६१-२०८०।०१।०६ बाट देहायका विद्यालयलाई रु ८६०००० ।– भुक्तानी गरेको छ । विद्यालय सुधार योजना र विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण

प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सो वापत भुक्तानी भएको रकम असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

सि.नं.	विद्यालयको नाम	विद्यालय सुधार योजना निर्माण	सामाजिक परिक्षणतथा आर्थिक लेखा परीक्षण	जम्मा निकासा
१	सिद्धकाली मा.वि, तान्द्राङ २	०	१५०००	१५०००
२	जागेश्वर मा.वि, बोर्लाङ ८	०	१५०००	१५०००
३	नवज्योति मा.वि, तान्द्राङ ३	२००००	१५०००	३५०००
४	दुल्लभ मा.वि, मसेल १	०	१५०००	१५०००
५	प्रभात मा.वि, धावा ४	२००००	१५०००	३५०००
६	नवजागृति चण्डी मा.वि,	२००००	१५०००	३५०००
७	विन्द्रावती मा.वि, मसेल १	२००००	१५०००	३५०००
८	पाटनदेवि मा.वि, बोर्लाङ ७	०	१५०००	१५०००
९	शान्ति मा.वि, बगुवा ५	०	१५०००	१५०००
१०	सरस्वती मा.वि, बोर्लाङ ७	२००००	१५०००	३५०००
११	संस्कृत मा.वि, तान्द्राङ ३	०	१५०००	१५०००
१२	भगवती मा.वि, धावा ४	२००००	१५०००	३५०००
१३	रामती आ.वि, धावा ४	१५०००	१००००	२५०००
१४	बालज्योती आ.वि, धावा ४	१५०००	१००००	२५०००
१५	जनशक्ति आ.वि, अश्राङ ६	१५०००	१००००	२५०००
१६	गण्डकी आ.वि, धावा ४	१५०००	१००००	२५०००
१७	कनकामना आ.वि, मसेल १	०	१००००	१००००
१८	ध्रुवज्योती आ.वि, अश्राङ ६	०	१००००	१००००
१९	शिबज्योती प्रा.वि, बगुवा	१५०००	१००००	२५०००
२०	चामुण्डा प्रा.वि, बगुवा ५	०	१००००	१००००
२१	चण्डेश्वरी प्रा.वि, मसेल	१५०००	१००००	२५०००

२२	जनप्रिय प्रावि तान्द्राङ	१५०००	१००००	२५०००
२३	घाटबेशी प्रा.वि, बोर्लाङ	१५०००	१००००	२५०००
२४	जलेश्वरी प्रा.वि, अश्राङ	०	१००००	१००००
२५	बालिम्टार प्रा.वि, धावा	१५०००	१००००	२५०००
२६	सरस्वती प्रा.वि, तान्द्राङ	०	१००००	१००००
२७	लक्ष्मीज्योती प्रा.वि,बोर्लाङ	१५०००	१००००	२५०००
२८	भिमसेन प्रा.वि, बोर्लाङ	१५०००	१००००	२५०००
२९	रविन्द्रज्योती प्रा.वि, बोर्लाङ	१५०००	१००००	२५०००
३०	दुधकन्या प्रा.वि, बगुवा	०	१००००	१००००
३१	सुन्दर प्रा.वि, बोर्लाङ	१५०००	१००००	२५०००
३२	मैथुम प्रा.वि, तान्द्राङ	१५०००	१००००	२५०००
३३	चण्डिस्थान बा.वि.के, बोर्लाङ	१५०००	१००००	२५०००
३४	निमेल प्रा.वि, निमेल	१५०००	१००००	२५०००
३५	धनुवासे वाविके	१५०००	१००००	२५०००
३६	बालकल्याण प्रा.वि मसेल	१५०००	१००००	२५०००
३७	सरस्वती सदन प्रा.वि, तान्द्राङ	१५०००	१००००	२५०००
३८	मदरसा अनवरुल उलुम	१५०००	१००००	२५०००
	जम्मा	४२००००	४४००००	८६००००
			प्रमाण पेश नगरेको	८,६०,०००

५२ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सूचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले प्रतिविद्यालय वार्षिक रु १२००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. १६१-२०८०।०१।०६ बाट १२ वटा माध्यामिक विद्यालयलाई इन्टरनेट शुल्क बापत रु १४४०००।– भुक्तानी गरेकोमा इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क

भुक्तानीको बील भरपाइ पेश हुन आएन । अनुदानमार्फत इन्टरनेट जडान तथा जडित इन्टरनेटको शुल्क भुक्तानी गरेको बील भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
५४.१	दुल्लभ मा.वि, मसेल १	१२,०००
५४.२	प्रभात मा.वि, धावा ४	१२,०००
५४.३	नवजागृति चण्डी मा.वि,	१२,०००
५४.४	पाटनदेवि मा.वि, बोर्लाङ ७	१२,०००
५४.५	शान्ति मा.वि, बगुवा ५	१२,०००
५४.६	सरस्वती मा.वि, बोर्लाङ ७	१२,०००
५४.७	भगवती मा.वि, धावा ४	१२,०००
जम्मा		८४०००

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।२२ को निर्णयबाट सिद्धकाली मा.वि, तान्द्राङ, संस्कृत मा.वि, तान्द्राङ, जागेश्वर मा.वि, बोर्लाङ, नवज्योति मा.वि, तान्द्राङ, विन्द्रावती मा.वि, मसेल को रु.६०००० ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	८४,०००

५३ **स्यानिटरी प्याड :**

.... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ७३२,५७९ सम्परीक्षण गरिएको ।)*

प्रमाण पेश नगरेको	०

५४ **कार्यसम्पन्न प्रतिवेदन :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस बर्ष देहायका विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराएकोमा खर्चको पुस्टाई हुने विवरण, भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन समावेश गरेको पाइएन। पालिकाले सम्बन्धित

विद्यालयले तोकिएको कार्य समयै सम्पन्न गरे नगरेको एकिन गरी उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन तथा खर्चको पुस्टाई हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

सि.नं.	विद्यालय	गो.भौ.नं.	रकम	अनुदान शिर्षक
१	श्री दुल्लभ मा.वि	२६६-२०८०।०३।१८	२०००००	कार्यसम्पादन करारका आधारमा प्र.अ र शिक्षकका लागी विद्यालयमार्फत प्रोत्साहन अनुदान
२	श्री दुल्लभ मा.वि	२६७-२०८०।०३।१८	३००००००	शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान
३	श्री दुल्लभ मा.वि	१५-२०८०।०३।१८	५००००००	नमुना विद्यालय क्रमागत भवन निर्माण अनुदान
४	श्री नवजागृती चण्डी मा. वि	२६४-२०८०।०३।१८	५०००००	शैक्षिक सुधारमा उत्कृष्ट नतिजा प्राप्त गरेको विद्यालयलाई प्रोत्साहन अनुदान
	जम्मा		८७०००००	

प्रमाण पेश नगरेको	८७,००,०००

५५ **जिन्सी दाखिला :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. २२०-२०८०।०३।०६ शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट श्री चण्डेश्वरी आधारभूत विद्यालयलाई कम्प्युटर खरिद गरेको रु ५०००० भुक्तानी गर्दा विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश भएन । खरिद गरेको कम्प्युटरको स्पेशिफिकेशन र मूल्य समेत खुल्ने गरी जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

५६ **तलबी प्रतिवेदन :-** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क (५)मा जिल्लास्थित कार्यालयका कर्मचारीको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नु व्यवस्था रहेको छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र च.नं. १८०-२०७६।७७ मिति २०७६।०५।१८ को पत्रानुसार स्थानीय तहका कर्मचारी र संघबाट काजमा

स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्ने उल्लेख छ । कार्यालयले स्वास्थ्य तर्फका ३८ जना कर्मचारीहरुको तलबी प्रतिवेदन गाँउसभाबाट पारित गरी आ.व. २०७९/८०मा रु. २३२५६८४९।८३ तलब भत्ता भुक्तानी गरेको पाइयो । सम्बन्धित कोष तथा लेखा नियन्त्रकबाट तलबी प्रतिवेदन पारित नगरि भएको भुक्तानीमा कर्मचारीहरुलाई नियमानुसार नै तलब भत्ता भुक्तानी दिएको स्पष्ट हुन नआएकोले तलबी प्रतिवेदन पारित गरि बढी भुक्तानी भएको तलब ग्रेड, थप ग्रेड तथा भत्ता भुक्तानी देखिएमा असुल गर्नुपर्दछ । नियमानुसार तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

५७ **कर कट्टी**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१६,६०५ सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

५८ **सोझै खरिद**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२६९९,७२५ सम्परीक्षण गरिएको ।)*

अनियमित भएको	०

५९ **जिन्सी मालसामनको लगत अद्यावधिक गर्नुपर्ने :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियमा ९५ अनुसार कार्यालयलाई जुनसुकै तबरले प्राप्त हुने सामानको विवरण मूल्य समेत खुलाइ ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जिल्ला आयोजना कार्यान्वयन इकाई गोरखाबाट विभिन्न प्रकारका टेवल, दराज, कम्प्युटर टेवल लगायत ९१ थान फर्निचर र डेस्कटप कम्प्यूटर, ल्यापटप, फोटोकपी मेशिन, प्रिन्टर लगायत २२ थान इलेक्ट्रोनिक सामानहरु हस्तान्तरण गरी पालिकामा ल्याएको छ । उक्त जिन्सी मालसामानको नियमावलीले व्यवस्था गरेबमोजिम मूल्य समेत खुलाई लगत अद्यावधिक गर्नुपर्दछ ।

६० **गाँउपालिका भित्रको अनुगमन खर्च -** भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण गर्दा भ्रमण कम खर्चिली र मितव्ययी हुनुपर्ने उल्लेख छ । कार्यालयले देहायका कर्मचारीलाई पालिकाभित्र सञ्चालित विभिन्न आयोजना, तालिमहरुको अनुगमन गरेको भनी भुक्तानी रकममा 10% कर कट्टि गरि भुक्तानी दिएको छ। पालिका भित्र तालिम तथा योजनाहरु अनुगमन गरेको भनी भत्ता लिने यस्तो प्रकारका अनुगमन खर्च लाई निरुत्साहित गर्नुपर्ने देखिन्छ। जस्तैः-

भौ.न. र मिति	**विवरण**	**रकम**

४३,२०७९।११।१०	प्र.प्र.अ लगायत अन्य कर्मचारी	२४०००
१०४,२०७९।११।१५	प्र.प्र.अ लगायत अन्य कर्मचारी	१४७०००
४७,२०७९।११।१५	प्र.प्र.अ लगायत अन्य कर्मचारी	४८०००
६५,२०८०।०२।२२	प्र.प्र.अ लगायत अन्य कर्मचारी	१५०००/-
६०,२०८०।०३।२१	प्र.प्र.अ लगायत अन्य कर्मचारी	१८००००
१०५,२०८०।०३।२२	प्र.प्र.अ लगायत अन्य कर्मचारी	१६०००
३,२०७९।०६।०३	प्र.प्र.अ लगायत अन्य कर्मचारी	९००००

६१ **सोलार खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै पनि कामको कार्य सम्पन्न भएपछि ३० दिन भित्र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो.भौ.नं. ४३-०७९/०६/२० बाट सोलार खरिद गरी सौन्दर्य एस.एस सप्लायर्सलाई रु.९९७०१०/- भुक्तानी गरेको छ । सोलार प्यानलहरु कुन ठाँउमा, कहिले प्रयोग भएका हुन भन्ने प्रमाण सहित कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त सोलारको समुचित प्रयोग भए नभएको सम्बन्ध यकिन हुन सकिएन । सोलारको जडान तथा समुचित प्रयोग भएको प्रमाण सहित कार्यसम्पन्न पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,९७,०१०

६२ **खर्चमा मितव्ययिता अपनाउनु पर्ने -** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा खाना, खाजा, गाडि भाडा लगायतका कार्य गरी खर्च लेखेको छ । नेपाल सरकारको नीति अनुसार सामाजिक सुरक्षा भत्ता विवरण लाभग्राहिको बैकमा खाता खोली बैक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा पालिकाले सामाजिक सुरक्षा भत्ता बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति समेतलाई बाडिने र त्यस्ता लाभग्राही भौगोलिक बिकटताका कारण बैंक सम्म आउन नसक्ने भएका कारण सम्बन्धित ठाँउमा पुगेर वितरण गर्दा प्रभावकारी हुने भएकोले खर्चमा केही बृद्धि भएको भन्ने भनाई उल्लेख गरेतापनि यस्ता खर्चमा मितव्ययिता अपनाउनुपर्दछ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भएको खर्चको केही विवरण निम्नानुसार छ ।

भौ . नं.र मिति	**विवरण**	**खर्च भएको रकम**
७९,२०७९।०६।१३	खाना, खाजा र गाडि भाडा	१४१३००
३३२,२०७९।११।१५	खाना, खाजा र गाडि भाडा	९९०००
४०१,२०७९।११।१५	खाना, खाजा र गाडि भाडा	७७१५०
६०८,२०८०।०२।२३	खाना, खाजा र गाडि भाडा	१०९२४०

	जम्मा	४२६६९०

६३ **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा बढीको निर्माण/खरिद बोलपत्रको माध्यमबाट गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका मालसामान खरिद गर्दा ऐन, नियमावली विपरीत टुक्रा पारी खरिद गरेकोले नियमसम्मत देखिएन।

भौ.न. र मिति	**विवरण**	**रकम**
विभिन्न	कार्यालय सामान	३१४५०६४/-
विभिन्न	मेशिनरी सामान	३६८१४८७/-
विभिन्न	छपाई	२०७०५१६/-
जम्मा		८८९७०६७/-

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ८८९७०६७ सम्परीक्षण गरिएको ।)*

अनियमित भएको	०

६४ **सामाग्री हस्तान्तरण हुनु पर्ने**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर सामाग्री हस्तान्तरण भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.१,७७४,३२३ सम्परीक्षण गरिएको ।)*

प्रमाण पेश नगरेको	०

६५ **बैक मार्फत छात्रबृति प्रदान गर्नुपर्नेः-** बैक मार्फत छात्रबृति प्रदान गर्नुपर्नेः- महालेखा नियन्त्रकको कार्यालयको आ.व २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी परिपत्रको बुँदा नं. ङ(३) मा सबै प्रकारका भुक्तानी बैंक खातामा EFT मार्फत भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गरिब दलित ३३ जना बालवालिकालाई प्रतिव्यक्ति रु.३०००/- का दरले रु.९९०००/- छात्रबृत्ती बिद्यालयको खातामा पठाएको छ जसबाट उल्लेखित बिद्यार्थीले बिद्यालयबाट छात्रबृति पाए नपाएको सम्वन्धमा एकिन हुन सकिएन । सम्बन्धित विद्यार्थीले छात्रवृत्ती बापत रकम प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९९,०००

६६ **नर्म्सभन्दा बढी भुक्तानी**

✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२०,००० सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

६७ **अनुगमन तथा सुपरिवेक्षण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। बैंकबाट भत्ता वितरणको स्टेटमेन्ट प्राप्त गरी अनुगमन समितिले वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको, मृत्यु भएकालाई भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

६८ **लाभग्राहीको अभिलेख :**

✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर दोहोरो भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०८ को निर्णयबाट रु.१,५०,७५६ सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

६९ **दाखिलाको विवरण :- दाखिलाको विवरण:-** सामाजिक सुरक्षा कार्यक्रम शिर्षकबाट ८ वटा वडाका लाभग्राहिको खातामा रकम भुक्तानी गर्न विभिन्न दुइवटा बैंकलाई प्रथम, दोश्रो, तेश्रो र चौथो चौमासिकमा गरी रु. १६४२५४७८०।-निकासा दिएकोमा वैंकले यस वर्ष वितरण गर्नुपर्ने रकम सेवाग्राहिको खातामा जम्मा गरी बाँकी रहन गएको रकम मध्ये रु २६६४८२९ फिर्ता गरेको छ ।

७० **भुक्तानी प्रणाली :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लागग्राहीका सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ताका लागी योग्य नरहेका यस्ता लाभग्राहीको सम्बन्धमा विवरण अद्यावधिक गरी निष्क्रिय खातामा रहेको बाकी रकम यकिन गरी उक्त रकम संघीय संचित कोष दाखिला गर्नुपर्दछ।

७१ **पारदर्शिता :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिकाबाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : भीमसेनथापा गाउँपालिका, गोरखा ,

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चित्र बहादुर अधिकारी	२०७८-१२-७	हाल सम्म कार्यरत
लेखा प्रमुख	नविन अधिकारी	२०७९-९-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५८३,७८६	११,७९६,७९२	१७,७९८,४२०	०	०	२,१०८,८२०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३२,२८७,८१८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	१६,१२१,००३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१६,१६६,८१५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४५६७१९७५.०२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५५२१८९७७८.३६	**चालु खर्च**	५३८५२४९२०.३८

प्रदेश सरकारबाट अनुदान	२०२५११४१	**पूँजीगत खर्च**	१२०७५९००५
राजश्व बाँडफाँट	७४९७०४१७.७५	**वित्तीय/अन्य व्यवस्था**	१०८३८२६३.३
आन्तरिक आय	४३८७०३९.३२		
अन्य आय	७७५०७७१.२५		
कुल आय	६५९५४९१४७.६८	**कुल खर्च**	६७०१२२१८८.६८
बाँकी मौज्दात		१३५०९८९३४.०२	

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	**बेरुजुको विवरण**	**रकम**
१	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा बढीको निर्माण/खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार मालसामान खरिद गर्दा ऐन, नियमावली विपरित टुक्रा पारी खरिद गरेकोले नियमसम्मत देखिएन। पालिकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	0.00

भौचर न. मिति	विवरण	रकम
विभिन्न	कार्यालय सामान	३१४५०६४
विभिन्न	मेशिनरी सामान	३६८१४८७
विभिन्न	छपाई	२०७०५१६
जम्मा		८८९७०६७